आज मिति २०८० साल मंसिर १८ गते सोमबारको दिन बिहान ११:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

उपस्थिती :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | संजिव ओली | अध्यक्ष | 9851004295 | [signature] |
| 2 | देविका थामी | उपाध्यक्ष | 9844395653 | [signature] |
| 3 | मेम वहादुर तमाङ | वडा अध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडा अध्यक्ष - २ | 9844306572 | |
| 5 | ढाल बहादुर तमाङ | वडा अध्यक्ष - ३ | 9864004147 | |
| 6 | राम चन्द्र खड्का | वडा अध्यक्ष - ४ | 9863637498 | [signature] |
| 7 | काले शेर्पा | वडा अध्यक्ष - ५ | 9844238430 | [signature] |
| 8 | टहल बहादुर थामी | वडा अध्यक्ष - ६ | 9854045940 | [signature] |
| 9 | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष - ७ | 9849170321 | [signature] |
| 10 | हिरा थामी | वडा अध्यक्ष - ८ | 9866419510 | [signature] |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | [signature] |
| 12 | ज्योती माया थामी | कार्यपालिका सदस्य | 9844555899 | ज्योती |
| 13 | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | ~~9860410065~~ 9765832480 | [signature] |
| 16 | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | [signature] |
| 17 | जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | | [signature] |

१८ सुशिल रिजाल प्रशासक्षित आमन्त्रित [signature]

## मिति २०८०।०८।१८ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु :

**प्रस्तावहरुः**

१. स्यानटरी प्याड खरिद सम्बन्धी आशयको सूचना रद्द तथा रकम फिर्ता सम्वन्धमा

२. उत्कृष्ट कृषक प्रोत्साहन तथा सम्मान कायक्रमको सम्वन्धमा

३. सडक वोर्ड नेपालको पत्र

४. भूमि आयोगको लागि समिति सम्वन्धमा

५. गुम्वा नाम/वडा एकिन गर्ने सम्वन्धमा

६. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २२ बुँदे निर्देशनं सम्बन्धमा

७. जाजरकोटको भूकम्प पिडीत राहत प्रदान गर्ने सम्वन्धमा

८. सिमाना सम्वन्धमा

९. हाटवजार सम्वन्धमा

१०. सडक सिमाङ्कन सम्वन्धमा

११. विविध

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० मा पेश्कि लिई मिति २०८०/०५/०५ मा स्यानटरी प्याड खरिद सम्वन्धी आशयको सूचना प्रकाशित भएको मा आ.व. २०७९/८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा पेश्की लिएको रकम फिर्ता गर्नुपर्ने र सूचना रद्द गरी पेश्की रकम फिर्ता गर्नु पर्ने जनाएको कारण सो सूचना रद्द गरी पेश्की रकम फिर्ता गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व.को लागि गाउँपालिकाको उत्कृष्ट कृषक प्रोत्साहन तथा सम्मान कायक्रमको लागि प्रत्येक विधामा उत्कृष्ट कृषक छनौट गरी पठाउन गाउँपालिकाका प्रत्येक वडा कार्यालयहरुलाई लेखी पठाउने र वडा कार्यालयले सिफारिस गरेको उत्कृष्ट कृषकको आधारमा प्रोत्साहन तथा सम्मान गर्ने निर्णय गरियो । साथै उत्कृष्ट कृषक छनौटलाई पारदर्शी र समय सापेक्ष वनाउन आवश्यक कार्यविधि तयार गर्न कृषि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार, सडक बोर्डको च.नं. ४६८ मिति २०८०/०८/०१ को पत्रानुसार विनियोजित वजेटवाट यस गाउँपालिकाको वडा नं. २ अन्तर्गत पदेली वुजामाने ओराङथाङ सडक मर्मत गराउने निर्णय गरियो । सो सडक मर्मत गर्नको लागि नियमानुसार आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्ने/गराउने जिम्मेवारी पूर्वाधार शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ को दफा ४ अनुसार निम्न बमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | उपसंयोजक |
| टेकमान तामाङ(एमाले) | सदस्य |

हेमराज तामाङ(ने.का.) सदस्य
रमेश ठकुरी(माओवादी) सदस्य
मैया नेपाली(दलित का.पा.सदस्य) सदस्य
ज्योतिमाया थामी(महिला का.पा.सदस्य) सदस्य
दिल कृष्ण मल्ल(नागरिक समाज) सदस्य
मैया नेपाली
.........
प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, भूकम्पीय पूर्वाधार पुनर्निर्माण शाखा, श्रीमहल, पुल्चोक, ललितपुरको च.नं. ७७ मिति २०८०/०८/१६ को पत्रको सम्बन्धमा छलफल गर्दा गुम्वा पुनर्निर्माणको लागि द्विविधा भएकोमा वडा नं. १ कायम गर्ने निर्णय गरियो ।

६. यस कार्यपालिकाका सम्पूर्ण सदस्यहरुमा सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. २२३२८ मिति २०८०/०७/१५ बाट प्राप्त २२ बुँदे निर्देशनको सम्बन्धमा जानकारी तथा छलफल गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा जाजरकोटको भूकम्प पिडीतहरुको लागि जिल्ला समन्वय समितिले निर्णय गरे बमोजिमको राहत प्रदान गर्ने निर्णय गरियो ।

८. सिमाना सम्वन्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३८ मिति २०८०/७/१६ को पत्रानुसार यस पालिकाको वडा नं. ८ र कालिञ्चोक गाउँपालिका वडा नं. १, यस पालिकाको वडा नं. ७ र सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका तथा यस पालिका भित्रकै वडा नं. ६, ७ र ८ का विचमा सिमाना सम्वन्धमा अस्पष्टता रहेकोले सो व्यहोरा मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

९. यस गाउँपालिकाका किसानहरुले उत्पादन गरेको कृषि सामग्रीहरुलाई वजारीकरण गर्नको लागि विगु गाउँपालिका वडा नं. ४ स्थित खोलिखिम वजारमा रहेको चौरमा प्रत्येक महीनाको १० गते र २५ गते हाट वजार लगाउने निर्णय गरियो । यसको लागि आवश्यक तयारी गरी गाउँपालिकाले सूचना प्रकाशन गरी हाटवजारको शुरुवात गर्ने निर्णय गरियो ।

१०. स्थानीय तह लागू भए पश्चात् यस पालिकाका जनताहरुलाई सडक सञ्जालमा जोड्न पालिकावाट विभिन्न समयमा सडक निर्माण कार्यहरु भएका तर ती सडकहरु सरकारी लगतमा अभिलेख नभएका कारण यस गाउँपालिकामा निर्माण भएका सम्पूर्ण सडकहरुलाई सिमाङ्कन गर्नका लागि नापी विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. विगु गाउँपालिका वडा नं. ४ ग्याल्सुङ भञ्याङ डाडामा खानेपानी ट्याङ्की र २ वटा घर जोखिम भएकोले आवश्यक इस्टिमेट गरी ग्याविन वा मेसिनरी वालको लागि बजेट व्यवस्था गर्नुपर्ने निर्णय गरियो ।